फोन नं. [illegible]
फ्याक्स नं. ०७५-५२०३१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, पाल्पा

तानसेन

## प्रस्तावना आव्हान सम्बन्धी बिस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।०८।१२

डिभिजनल वन अधिकृत

यस कार्यालयको चालु आ.व. ०८०/८१ को बार्षिक स्विकृत कार्यक्रम अनुसार एक सामुदायिक वन, एक उद्यम क्रियाकलापको लागि रु. ५ लाख बजेट विनियोजन भएको र यसबाट प्रस्तावनाको आधारमा एक भन्दा बढी पाल्पा जिल्ला भित्रका उद्यमलाई कुल लागतको ७५% सम्म अनुदान उपलब्ध गराउन सकिने हुँदा स्वीकृत कार्यसूची (TOR) मा उल्लेखित शर्त बमोजिम योग्यता पुगेका र नियमानुसार दर्ता भएका ईच्छुक सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूह, सहकारी संस्था तथा विधिवत दर्ता भएका मान्यता प्राप्त संघ सस्था र समूहबाट यो सूचना प्रकाशन भएको मितीले १५ (पन्ध्र) दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। कार्यसूची र अन्य बिस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.dfopalpa.gov.np बाट प्राप्त गर्न सकिनेछ।

### शर्तहरु

- स्विकृत बजेट रु. ५ लाख (कन्टेन्जेन्सी समेत) को अधिन र सिमाभित्र रही प्राप्त प्रस्तावनाहरुको **उपयुक्तता र क्षमताको आधारमा एक भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहलाई कुल लागतको ७५%सम्म अनुदान रकम उपलब्ध** गराउन सकिनेछ।
- प्रस्तावना तोकिए बमोजिमको ढाँचामा हुनुपर्नेछ र साथमा रु.१० को टीकट टाँसी आवेदन, समूह दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, आ.व. ०७८/७९ को करचुक्ता प्रमाणपत्र, संस्थाको नवीकरण साथै ब्यबसायिक योजना सहितको बिस्तृत लागत अनुमान पेश गर्नुपर्नेछ। उपरोक्त बमोजिम रीत नपुगेका प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन। पेश हुन आएका प्रस्तावहरु मध्ये प्रारम्भिक छनौटबाट सफल भएका प्रस्तावदाताहरुलाई मात्र यस कार्यालयबाट सूचना दिईनेछ।
- अन्य निकायबाट एउटै प्रयोजनको उद्यममा अनुदान प्राप्त गरेका समूहलाई सोही प्रयोजनको लागि पुन : अनुदान उपलब्ध गराईने छैन।
- कार्यसूची (TOR)र प्रस्तावनाको ढाँचा यस कार्यालयको वेबसाईट www.dfopalpa.gov.np बाट प्राप्त गर्न सकिनेछ र सोही ढाँचामा तोकिएको मापदण्ड भित्र रही प्रस्ताव पेश गर्नुपर्नेछ। साथै ईमेल मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा सम्बन्धित समूह/सहकारी/संघसस्थाले paldfo196@gmail.com मा कागजातहरु संलग्न गरी पठाउन सकिनेछ।

**थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।**